गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :२०८३।८४ (रोजगार, सीप तथा उद्यमशीलता केन्द्र) मिति: २०८३।०७।१६
च.नं. : ने.सं. ११४६ कौलागा, ८ सोमवार

प्रशिक्षकको रोष्टरमा सूचिकृत हुने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।०७।१६)

गोदावरी नगरपालिका रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको आ. व. २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम **सीपमूलक तालिम** अन्तर्गत यस पालिका भित्रका रोजगारीको खोजीमा रहेका व्यक्तिहरुका लागि सीप विकास तालिम सञ्चालन गर्न तपसिलका बिषयमा न्यूनतम योग्यता पुगेका तथा प्रशिक्षक भई काम गर्न ईच्छुक नेपाली नागरिकहरु/ विषय विज्ञहरुले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम अनुभव प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा व्यवसाय भएका हकमा व्यवसाय दर्ता/ कर चुक्ता/ नविकरण लगाएतका प्रमाणपत्रको प्रतिलिपि सहित सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र रोजगार सीप तथा उद्यमशीलता केन्द्रमा निवेदन दिई प्रशिक्षकको रोष्टरमा सूचिकृत हुन सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

अकाउन्टिंग तथा मार्केटिंग

मान्यता प्राप्त विश्व विद्यालयबाट कम्तिमा व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण, उद्योग व्यवसायको लेखा पद्धतिमा कम्तिमा २ वर्ष काम गरेको, लेखा सम्बन्धी प्रचलनमा रहेका Busy/Tally सफ्टवेयरहरुमा दखल भएको र स्थानीय स्तरमा फर्म/उद्योग/व्यवसायको व्यवस्थापन तथा सञ्चालन गरिरेहका विज्ञलाई प्राथमिकता दिईनेछ।

ए सी रेफ्रिजेरेटर मर्मत

CTEVT/NSTB बाट सम्बन्धित पेशामा कम्तिमा Skill test level 2 उत्तिर्ण भएको, उद्योग दर्ता/नविकरण गरी स्थानीय स्तरमा व्यवसाय सञ्चालन गरिरेहका विज्ञलाई प्राथमिकता दिईनेछ।

2083.07.16
उपसचिव